☎ ०८७-४६००३२/४६०२१४
फ्याक्स ०८७-४६०२१४
infodcmugu@gmail.com

# श्री मुगु जिल्ला अदालत
## गमगढी, मुगु
### प्रशासन शाखा

प.सं. ०७७/७८
च.नं.:- ९०४

मिति:-२०७८/०२/१५

## मुगु जिल्ला अदालतबाट जारी भएको सूचना

नयाँ भेरिएन्ट सहितको कोभिड-१९ महामारीको दोस्रो लहरको रोकथाम तथा नियन्त्रण सम्बन्धमा जिल्ला प्रशासन कार्यालय मुगुबाट संक्रमण रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।०२।०७ को निर्णय बमोजिम तथा सम्मानित सर्वोच्च अदालतको मिति २०७८।०१।१४ मा जारी प्रेस विज्ञप्तिको बुँदा नं. २ र मिति २०७८/०१/३१ मा जारी प्रेस विज्ञप्तिको बुँदा नं ३ मा उच्च अदालत, जिल्ला अदालत, अन्य अदालत र न्यायाधिकरणहरुको हकमा स्थानीय परिस्थिति एवं जोखिमको अवस्थाको मुल्याङ्कनको आधारमा उपयुक्त देखिएको काम कारवाही र सेवाप्रवाहको व्यवस्था सम्बन्धित अदालत तथा न्यायाधिकरणहरुले मिलाउने भन्ने उल्लेख भए बमोजिम हालको परिस्थितिमा सेवाग्राही तथा कानून व्यवसायी समेतको उपस्थितिको असहजता एवं कोभिड संक्रमणको जोखिम न्यूनिकरण गर्नुपर्ने आवश्यकतालाई मध्येनजर गर्दै यस अदालतबाट प्रवाह हुने सेवा मध्ये मिति २०७८।०२।१५ देखि २०७८।०२।२२ गतेसम्म निम्न प्रकारका सेवाहरुमात्र प्रवाह गर्ने र अन्य सेवाहरु संकुचन ल्याउने गरी यस अदालतको मिति २०७८।०२।१५ मा निर्णय भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुलाई सूचित गरिन्छ ।

१. सेवा प्रवाह हुने कार्यहरु
   - बन्दीप्रत्यक्षीकरणको निवेदन
   - कोभिड-१९ सँग सम्वन्धित निवेदन दर्ता र सुनुवाई सम्बन्धी कार्य
   - अभियुक्त हिरासतमा रहेका मुद्दाको अभियोगपत्र दर्ता, बयान र थुनछेक आदेशको कार्य
   - पक्राउ पूर्जी जारी गर्ने, पक्राउ पूर्जीको अनुमती, जरुरी पक्राउ पूर्जी सदर र म्याद थप सम्बन्धी कार्य, कल डिटेल अनुमती दिने कार्य,
   - कसुर कायम भई सजाय निर्धारणको लागि तोकिएका सरकार वादी फौजदारी मुद्दाहरुको सुनुवाई
   - मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमका निवेदनहरु
   - प्रतिवादी/प्रत्यार्थीको उपस्थित आवश्यक नपर्ने वा सुनुवाई गर्न बाधा नपर्ने मुद्दाको सुनुवाई

२. काम कारवाही तथा सेवा प्रवाह स्थगन भएको उक्त अवधी भित्रको मुद्दा, रिट तथा निवेदनहरुमा रहेको हदम्याद, म्याद तारेख नगुज्रने र कोभिड-१९ को जोखिम बढ्न गई जिल्ला प्रशासन कार्यालय मुगुका प्रमुख जिल्ला अधिकारीबाट निषेधाज्ञाको समयावधि थप भएमा यस अदालतको सेवा प्रवाहमा भएको संकुचनमा समेत सोही अनुसार समयावधि थप भएको मानिने व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ ।

(गोबिन्द आचार्य)
(उप-सचिव)

पुनश्चः- यसबाट सेवाग्राहीमा पर्न गएको असुविधाको लागि मुगु जिल्ला अदालत क्षमा प्रार्थी छौं । आफु सुरक्षित रहौं र अरुलाई पनि सुरक्षित राखौं ।